संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -४६
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल साउन २९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा धादिङवेशीबाट काठमाडौं आउँदै गरेको माईक्रो बसमाथी पहिरो खस्दा रुख ढलेर एक बृद्धको निधन भएको, नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिकामा हेलिकप्टर दुर्घटना हुँदा पाँचजनाको मृत्यु भएको, विगत केहि समयदेखि काठमाडौं जिल्लाबाट बेपत्ता भएका सिराहा जिल्लाका एक युवक हालसम्म पनि नभेटिएको, अविरल बर्षाको कारणले पुर्व-पश्चिम राजमार्गका केहि स्थानमा पहिरोको कारण सडक अवरुद्ध भएको, लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० बिना लामा
२. मा० सोबिता गौतम
३. मा० विरेन्द्र प्रसाद महतो
४. मा० हरि ढकाल

यसैविच सम्माननीय सभामुखले माननीय हरि ढकालले बोल्दै गर्नुहुँदा आकस्मिक समय माग गर्दा राख्न चाहेको विषय राखिसक्नु भएकोले आशन ग्रहण गर्न अनुरोध गर्नुभएपछि राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो स्थान अगाडी उभिनु भयो । त्यसपछि सम्माननीय सभामुखले विषयका आधारमा आकस्मिक समयमा बोल्न समय दिइएको र उक्त विषयहरु माननीय सदस्यले राखिसक्नु भएकोले आशन ग्रहण गर्न अनुरोध गर्नु हुँदा समेत माननीय सदस्यहरु उभिई रहनु भएपछि माननीय रबि लामिछानेलाई बोल्न समय दिनुहुँदा उहाँले हरि ढकालले अधिल्लो बैठक र यस बैठक बीचमा भएकै घटना सर्वसाधारणले विद्युत महसुल समयमा नतिर्दा लाइन काटिएको विषय राख्न खोज्नु भएकोले यस्तो संवेदनशिल विषयमा उहालाई आफ्नो भनाई पुरा गर्न दिनु पर्ने भन्नु भयो । त्यसपछि माननीय राजेन्द्र लिङदेनले आकस्मिक समयमा माननीय सदस्यहरुले बोल्ने विषय के कस्तो हो भनी पहिले नै लेखाएर मात्र बोल्न पाउने अभ्यास मान्य नहुने साथै सांसदहरुको बोल्न पाउने विशेष अधिकारलाई नियन्त्रित गर्न नहुने भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय सदस्यहरुले राख्नु भएको विषयप्रति आफ्नो ध्यानाकर्षण भएको साथै नियमावलीको व्यवस्था अनुसार आकस्मिक समयमा बोल्न समय उपलव्ध गराइएकोले उक्त प्रावधान भित्र रहेर विषय केन्द्रित भएर आफ्ना भनाई राख्नु हुन अनुरोध गर्नुहुँदा समेत माननीय सदस्यहरु उभिइ नै रहनु भयो । त्यसपछि सम्माननीय सभामुखले नियमावलीको नियम १५ बमोजिम आकस्मिक समयमा बोल्ने माननीय सदस्यले अघिल्लो बैठक र प्रारम्भ हुन लागेको बैठक विचको अवधिको कुनै गम्भिर प्रकृतिको घटना वा विषयको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउन समय माग गरेमा सभामुखले समय उपलव्ध गराउने व्यवस्था भएको जानकारी गराउनु हुँदै माननीय हरि ढकाललाई विषय केन्द्रित भएर आफ्नो भनाई टुङ्गाउन समय दिनु भएपछि उहाँले उद्योगीहरुले भुक्तानी गर्नुपर्ने विद्युतको वक्यौता रकम सरकारले अविलम्ब उठाउनु पर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० अनिता देवी
२. मा० अनिशा नेपाली
३. मा० अम्मर बहादुर रायमाझी
४. मा० अर्जुन नरसिंह के.सी.
५. मा० अशोक कुमार चौधरी
६. मा० अस्मा कुमारी चौधरी
७. मा० ईश्वर बहादुर रिजाल
८. मा० कल्पना मियाँ कुसारी
९. मा० कालुराम राई
१०. मा० कान्तिका सेजुवाल
११. मा० किरण कुमार साह
१२. मा० कुसुमदेवी थापा
१३. मा० गणेश पराजुली
१४. मा० गोमा लाभ (सापकोटा)
१५. मा० डा० चन्दा कार्की (भण्डारी)
१६. मा० डा० चन्द्रकान्त भण्डारी
१७. मा० चन्द्र बहादुर विश्वकर्मा
१८. मा० छिरिङ डम्डुल लामा (भोटे)
१९. मा० छिरिङ ल्हामु लामा (तामाङ)
२०. मा० जावेदा खातुन जागा

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. मा० गगन कुमार थापा
२. मा० ऋषिकेश पोखरेल
३. मा० महेन्द्र बहादुर शाही
४. मा० अशिम शाह
५. मा० रोशन कार्की
६. मा० राजेन्द्र प्रसाद पाण्डे
७. मा० रन्जु कुमारी झा
८. मा० अब्दुल खांन
९. मा० राम प्रकाश चौधरी
१०. मा० प्रेम सुवाल
११. मा० चित्र बहादुर के.सी.
१२. मा० राजेन्द्र कुमार के.सी.
१३. मा० तारा लामा तामाङ
१४. मा० निशा डांगी
१५. मा० ध्रुव बहादुर प्रधान
१६. मा० दामोदर पौडेल बैरागी
१७. मा० प्रेम बहादुर महर्जन

यसैविच माननीय मनिष झाले नियमापत्ति गर्नु हुँदै माननीय दामोदर पौडेल वैरागीले बोल्ने क्रममा माननीय रबि लामिछानेको नाम तोकेर अभियुक्त भन्नु भएको प्रति आपत्ति जनाउनु भएपछि सम्माननीय सभामुखले उक्त विषयमा ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

त्यसैगरि माननीय अशोक चौधरीले पुनः नियमापत्ति गर्न खोज्नु हुँदा सम्माननीय सभामुखले माननीय सदस्यले राख्न खोज्न भएको विषयप्रति ध्यानाकर्षण भइसकेको, एउटै विषयमा पटक पटक कुरा नउठाउन र आशन ग्रहण गर्न निर्देशन गर्नु भयो ।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेर सम्बन्धी देहाय बमोजिमको पत्रको व्यहोरा पढेर सुनाउनु भयोः-

> सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम मिति २०८१/०३/३१ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्मा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको सिफारिसमा देहाय बमोजिम मर्यादाक्रममा हेरफेर गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | के.पी. शर्मा ओली | प्रधानमन्त्री | |
| २. | प्रकाशमान सिंह | उपप्रधानमन्त्री | सहरी विकास |
| ३. | विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ४. | पृथ्वी सुब्बा गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ५. | रमेश लेखक | मन्त्री | गृह |
| ६. | शरतसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ७. | आरजु राणा देउवा | मन्त्री | परराष्ट्र |
| ८. | प्रदिप यादव | मन्त्री | खानेपानी |
| ९. | बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १०. | दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ११. | नवलकिसोर साह सुडि | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १२. | देवेन्द्र दाहाल | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १३. | तेजुलाल चौधरी | मन्त्री | युवा तथा खेलकुद |
| १४. | बद्रीप्रसाद पाण्डे | मन्त्री | सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १५. | अजय कुमार चौरसिया | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १६. | प्रदिप पौडेल | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १७. | रामनाथ अधिकारी | मन्त्री | कृषि तथा पशुपंक्षी विकास |
| १८. | विद्या भट्टराई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १९. | मानबिर राई | मन्त्री | रक्षा |
| २०. | दीपक खड्का | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| २१. | राजकुमार गुप्ता | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| २२. | ऐनबहादुर शाही ठकुरी | मन्त्री | वन तथा वातावरण |

मिति : २०८१/०४/२४ (नारायणप्रसाद शर्मा दुवाडी)
सचिव

तत्पश्चात् सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्रको व्यहोरा पढेर सुनाउनु भयोः-

(क) माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री दिपक खड्का निजी कामको सिलसिलामा संवत् २०८१ साल साउन २१ गते संयुक्त राज्य अमेरिकातर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०८१/०४/२२ (लीलादेवी गडतौला)
मुख्यसचिव

(पत्र पढीसकेपछि)

(ख) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी भारतको नयाँ दिल्लीमा आयोजना हुने बिमस्टेक व्यापार सम्मेलनमा सहभागी हुन संवत् २०८१ साल साउन २२ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०८१/०४/२२ (लीलादेवी गडतौला)
मुख्यसचिव

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १३ बमोजिम प्रतिनिधि सभा कार्यव्यवस्था परामर्श समितिमा माननीय विद्या भट्टराईको स्थानमा माननीय नारायण प्रसाद आचार्यलाई मनोनयन गरेको जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन समितिमा माननीय हेमराज राईको स्थानमा माननीय लाल प्रसाद साँवा लिम्बूलाई साथै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको विषयगत समितिहरुमा निम्नलिखित माननीय सदस्यहरुको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमती जनायोः-

| क्र.सं. | माननीय सदस्यको नाम | समिति |
|---|---|---|
| १. | मा० रघुविर महासेठ | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट<br>अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा |
| २. | मा० रुक्मणी राना बराइली | सार्वजनिक लेखा समितिबाट<br>उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा |
| ३. | मा० मंगल प्रसाद गुप्ता | कानून, न्याय तथा मानव अधिकार समितिबाट<br>उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा |
| ४. | मा० सम्झना थपलिया | अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट<br>कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति |
| ५. | मा० ज्वाला कुमारी साह | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट<br>सार्वजनिक लेखा समितिमा |

तत्पश्चात् पूर्वाधार विकास समितिका माननीय सभापति दिपक बहादुर सिंहले "पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन, २०८०" पेश गर्नु भयो ।

तदुपरान्त शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सभापति अम्मर बहादुर थापाले "शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०८१" पेश गर्नुभयो ।

त्यसपछि कानून, न्याय तथा मानव अधिकार समितिका माननीय सभापति विमला सुवेदीले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८१" पेश गर्नु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ बमोजिम गठित संसदीय सुनुवाई समिति र नियम २८ बमोजिम गठित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन समितिको सभापतिको निर्वाचन मिति २०८१ साउन ३१ गते गर्नेगरी तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त निर्वाचन सम्बन्धी सूचना आजै प्रकाशन गर्न संघीय संसदको महासचिवलाई निर्देश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल साउन ३० गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०५:४० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव